म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २०५ २०८१ असार ३ गते सोमबार 17 June 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## महतको मृत्यु

हेटौंडाः वीरगञ्जबाट हेटौंडा बसामा यात्रा गरेर आएका एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा हेटौंडा-१, जरुवाटोलका ३२ वर्षीय आकाश महत रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभएको छ। आइतबार वीरगञ्जबाट हेटौंडा हुँदै नारायणघाटतर्फ जाँदै गरेको ना ७ ख ३५७५ नम्बरको बसमा यात्रा गरिरहेका महत हेटौंडा आइपुगेपछि अचानक बेहोस भएका थिए। बेहोस भएका महतलाई उपचारका लागि हेटौंडा अस्पतालमा लगिएकोमा अस्पताल पुग्नसाथ आइतबार दिउँसो १ बजेर ३९ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो। महतको शव अस्पतालमै रहेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## हेटौंडा उपमहानगरपालिका

# आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम सर्वसम्मत पारित



*१५ औं नगरसभामा आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ। आइतबार बिहान नगरप्रमुख मीना कुमारी लामाले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको हो।

नीति तथा कार्यक्रमको पहिलो बुँदामै बिपन्न तथा गरिब परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनलाई महत्व दिँदै मेयर हिट कार्यक्रम सञ्चालन गर्ने घोषणा गरिएको छ। एक वडा, एक बालमैत्री पार्क, उज्यालो र सुरक्षित सहर, नियमित मर्मत सम्भार-दिगो पूर्वाधारको आधार जस्ता नारासहित नीति तथा कार्यक्रममा विविध विषय समेटिएका छन्। कृषि एम्बुलेन्स र पशु एम्बुलेन्ससँगै जनावर सेवा आश्रम सञ्चालन गरिने नीतिमा उल्लेख छ।

रोजगार बैंक तयार पार्ने, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, विद्यालयमा सुनौलो शुक्रबार कार्यक्रम, शिक्षक बैंकको व्यवस्था गर्ने, तामाङ तथा नेपाल भाषाको प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रमका रुपमा विद्यालय तहमा पठनपाठनका लागि आवश्यक व्यवस्था मिलाइने नीतिमा उल्लेख छ। युवामा स्वयम्सेवा, सकारात्मक सोच, उद्यम प्रवर्द्धन, तथा दूर्व्यसन नियन्त्रणसम्बन्धी परामर्श तथा क्षमताम विकासका कार्यक्रममार्फत युवा सशक्तीकरण गर्न युवासँग उपमेयर कार्यक्रम सञ्चालन गरिने नीति लिइएको नगरप्रमुख लामाले जानकारी दिनुभएको छ।

राष्ट्रिय महिला फुटबल लिग सञ्चालनका लागि आवश्यक व्यवस्था गर्ने, जनतासँग मेयर स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने, हटिया र पदमपोखरी आधारभूत अस्पताललाई स्वास्थ्य बीमा बोर्डमा आवद्ध गर्ने, नगरको सहयोगमा हेटौंडा अस्पतालमा निर्माणाधिन प्रसुती वार्ड सञ्चालनमा ल्याइने, खानेपानीमा दिइँदै आएको न्यूनतम् महसुल छुटको कार्यक्रम पुनरावलोकन गर्ने, योग एवम् सकारात्मक जीवनशैलीसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने नगरप्रमुख लामाले बताउनुभएको छ। नीति तथा कार्यक्रममा सुलभ फार्मेसी सञ्चालन गर्ने विषय पनि समेटिएको छ।

"लैंगिक हिंसामुक्त नगर, दिगो समृद्धिको आधार", आमाछोरी कार्यक्रम, सासु-बुहारी कार्यक्रम, किशोरी संवाद जस्ता कार्यक्रमसँगै बालमैत्री स्थानीय शासनयुक्त उपमहानगर घोषणाको विषय पनि नीति तथा कार्यक्रममा समावेश छ। नियमितजसो यस पटक पनि नीति तथा कार्यक्रममा "प्लास्टिक झोला मुक्त नमूना नगर" कार्यक्रम पनि उपमहानगरको नीति तथा कार्यक्रममा प्राथमिकतामै परेको छ। खानेपानीको स्रोतको सुरक्षाका लागि पुनर्भरणका लागि रिचार्ज पोखरी निर्माण गर्ने, सार्वजनिकस्थलमा आवश्यकता र स्म्भावनाका आधारमा व्यवस्थित शौचालय निर्माण गर्ने, सुरक्षाका लागि नगरका मुख्यक्षेत्रमा जडान भएका सीसीक्यामेरा मर्मत गर्ने नीतिमा उल्लेख छ। करको दायरा बढाउने, कर तिर्ने प्रक्रिया सहज र सरल बनाउने, नगर कर सहजकर्ता परिचालन गरिने पनि नगर प्रमुख लामाले उल्लेख गर्नुभएको छ।

# २ अर्ब ४३ करोडको बजेट प्रस्तुत

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक बर्ष २०८१/८२ का लागि बजेटको आकार घटाएको छ। उपमहानगर पालिकाले चालू आर्थिक बर्षको बजेट भन्दा ४६ करोड ७२ लाख २९ हजार रुपैयाँ (१६.०७ प्रतिशत) कम बजेट ल्याएको हो।

उपमहानगरपालिकाले आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट ५३ करोड २७ लाख ९५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ६१ करोड ६५ लाख ८६ हजार रुपैयाँ, प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख ३९ हजार रुपैयाँ र संघीय सरकारको अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख रुपैयाँ व्यहोरिने अनुमान गरिएको छ। आइतबार प्रस्तुत भएको बजेटमाथि यही असार १० गते बस्ने बैठकमा नगर सभा सदस्यले छलफल गर्नेछन्। नगर उपप्रमुख राजेश बानियाँले आज (आइतबार) प्रस्तुत भएको बजेटमाथि नगरसभा सदस्यले असार १० गते बस्ने बैठकमा आफ्ना धारणा, सल्लाह, सुझाव राख्ने कार्यक्रम तयर गरिएको जानकारी गराउनुभएको छ।

### बजेटको प्राथमिकता

हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक बर्षको बजेटको प्राथमिकतामा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने जनाएको छ। स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने बजेटको प्राथमिकताको क्षेत्र निर्धारण गरिएको छ।

समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा



*नगरसभामा चालु आर्थिक बर्षको बजेटको उपलब्धी तथा आगामी आर्थिक बर्षको बजेट प्रस्तुत गर्नुहुँदै नगरउपप्रमुख राजेश बानियाँ ।*

एकता अभिवृद्धिमा सघाउ पुर्याउने, शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सवलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने बजेटको प्राथमिकता रहेका छन्।

### बजेटका उद्देश्य

उपमहानगरपिालिकाको बजेटले विकासका लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने, शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने उद्देश्य रहेको छ। गरिबी न्यूनीकरण तथा जनजीविकामा टेवा पुर्याउने, समृद्ध नगर सुखी नगरवासीको अवस्था हासिल गर्ने उद्देश्यका साथ उपमहानगरपालिकाले बजेट तर्जुमा गरेको जनाएको छ।

### यस्तो छ हेटौंडाको बजेट कार्यक्रम

उपमहानगरपालिकाले आगामी आर्थिक बर्षमा हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्न ६ करोड बजेट विनियोजन गरिएको छ। सहरी सडक मर्मत सम्भारका लागि सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न १ करोड ७० लाख विनियोजन गरेको छ भने विभिन्न पूर्वाधारको आकस्मिक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा १ करोड ५० लाख विनियोजन रुपैयाँ विनियोजन गरेको छ।

संघ तथा प्रदेश सरकारको लागत, सहयोग तथा समन्वयमा कर्रा करिडोर निर्माणको निरन्तरताका लागि आवश्यक व्यवस्था गरिएको उपप्रमुख राजेश बानियाँले बताउनुभएको छ। जिम्मेवारी सर्ने योजनाको भुक्तानीका लागि १७ करोड रुपैयाँ व्यवस्था गरिएको छ भने पदमपोखरी मुख्य सडक विस्तार कार्यका लागि ७ करोड रुपैयाँ विनियोजन गरेको छ।

उहाँका अनुसार हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग साझेदारी कार्यक्रम, न्यूनतम महसुल भुक्तानी लगायतका कार्यका लागि लागि २ करोड ८ लाख रुपैयाँ, नगरपालिकाको प्रशासनिक भवनमा लिफ्ट जडान, पर्खाल एवम् चमेनागृह निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ।

उपमहानगरपालिकाले आगामी आर्थिक बर्षमा नागस्वती फुटबल स्टेडियम निर्माणका लागि १ करोड ७२ लाख रुपैयाँ, संघीय सरकारबाट हेटौंडा चक्रपथअन्तर्गत वडा नम्बर १५, १६, १७ को सडक खण्डको स्तरोन्नति गर्न २ करोड रुपैयाँ, चाइनाक्वाटरबाट राप्ती बाइपास जोड्ने सडकका लागि १ करोड रुपैयाँ, नेवारपानी गुम्बाटोल हुँदै गालछारांग-लिक्चे कैलाश, हेटौंडा कैलाश राक्सिराङ जोड्ने सडकका लागि २ करोड रुपैयाँ, बिपि मार्ग स्तरोन्नतिका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ।

उपमहानगरपालिकाले पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, उर्जा, सडकबत्ति, जलस्रोत, पर्यटन, भवन तथा आवास, सिँचाईलगायत नगर स्तरीय पूर्वाधार तर्फ ८८ करोड ८६ लाख ९९ हजार रुपैयाँ बजेट विनियोजन गरेको उपप्रमुख बानियाँले बताउनुभयो। आगामी आर्थिक बर्षमा उपमहानगरपालिकाले उद्योग, सहकारी तथा लघु उद्यमतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ६९ लाख ९९ हजार रुपैयाँ, पर्यटन तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ८५ लाख रुपैयाँ बजेट विनियोजन गरेको उहाँको भनाई छ।

त्यस्तै संस्कृति प्रवर्द्धनअन्तर्गत पूर्वाधार निर्माण मर्मत तथा जिर्णोद्दारका लागि १ करोड १६ लाख रुपैयाँ बजेट व्यवस्था गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि १ करोड २७ लाख ७१ हजार रुपैयाँ, आर्थिक विकास क्षेत्रभित्रका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि ७ करोड ५६ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ।

उपमहानगरपालिकाले आगामी आर्थिक बर्षमा शिक्षक बैंक, मोवाईल शिक्षक, सिल्भर स्वयम्सेवक, सुनौलो शुक्रबार कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको उपमेयर बानियाँले बताउनुभयो। शिक्षा तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ७३ करोड २७ लाख २६ हजार रुपैयाँ र आन्तरिकतर्फ ४ करोड ४५ ७२ लाख २६ हजार रुपैयाँ विनियोजन गरिएको छ भने हटिया र पदमपोखरीस्थित आधारभूतं अस्पताललाई स्वास्थ्य बीमामा आवद्ध गरी सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। स्वास्थ्य तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न सशर्त समेत गरी ७ करोड ६९ लाख ६२ हजार रुपैयाँ तथा युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमका लागि कुल १ करोड ८२ लाख बजेट विनियोजन गरिएको छ।

उपमहानगरपालिकाले फोहरमैला व्यवस्थापन र ढल तथा नाला पूर्वाधार तर्फका योजना तथा कार्यक्रमका लागि २ करोड १६ लाख विनियोजन गरेको छ। वातावरण तथा विपद् व्यवस्थापन एवम् सरसफाई र फोहरमैला व्यवस्थापनका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि कुल ३ करोड १२ लाख ७० हजार विनियोजन गरेको छ।

## बकैयाको धातुजन्य खनिज अवैध उत्खनन्

# खानी विभागका विज्ञ टोली आज बकैया जाँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाबाट बहुमूल्य धातुजन्य खनिज अवैधरुपमा कौडीको मूल्यमा निकासी भइरहेको पाइएको छ। करिब ४ महिनादेखि विभिन्न सिमेन्ट उद्योगका लागि भन्दै अवैधरुपमा धातुजन्य खनिज अवैधरुपमा निकासी भइरहेको पाइएको छ। शुक्रबार राती हेटौंडा उपमहानगर पालिकाको नगर प्रहरीले हेटौंडा-१७, हटियाबाट निकासीका लागि आवश्यक कागजपत्र देखाउन नसकेपछि १५ वटा ट्रकलाई नियन्त्रणमा लिइएको थियो।

शनिबार बिहान बिदाको दिनसमेत हेटौंडा उपमहानगरपालिकाले अघिल्लो दिनकै मितिमा जरिवाना तिराएर छाडेको थियो। प्रतिट्रक १८ हजार रुपैयाँका दरले उपमहानगरले जरिवाना गरेर छाडे पनि मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले शनिबार प्रहरीमार्फत गाडी रोकेर खानी विभागबाट भुगर्भविद् ल्याउन पहल गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारी चिलुवालले ट्रक रोक्न निर्देशन दिनुभए पनि प्रहरीले भने १५ मध्ये ६ वटा मात्रै ट्रकलाई रोक्न सफल भयो।

शुक्रबार रातीदेखि शनिबार दिउँसोसम्म हेटौंडा उपमहानगरपालिका अगाडि पार्किङ गरिराखेको ट्रकको विषयमा प्रहरीले अनविज्ञता प्रकट गरेको छ। प्रहरीको यस किसिमको अनविज्ञताले अवैध निकासीलाई अझ बल पुगेको देखिन्छ। आइतबार दिउँसो हेटौंडा आइपुग्नुभएका खानी विभागका भुगर्भविद् सौनक भण्डारी र प्रफुल्ल ताम्राकारले हेटौंडामा रोकिएका ६ वटै ट्रकको नमूना हेरेर धातुजन्य खानिजयुक्त माटो भएको पुष्टि गर्नुभएको छ। यसकिसिमको माटोको उत्खनन् तथा निकासीका लागि खानी विभागसँग अनुमति लिनुपर्ने, वातावरणीय प्रभाव अध्ययन गर्नुपर्ने प्रक्रिया पूरा नभएको पाइएको खानी विभागका भूगर्भविद् सौनक भण्डारीले जानकारी दिनुभएको छ।

"हामीले यहाँ रोकिएका ट्रकमा लोड भएका माटोको प्रारम्भिकरुपमा हेर्दा धातुको मात्रा भएको खानीजन्य पदार्थको रुपमा देखेका छौं", भुगर्भविद् भण्डारीले भन्नुभयो, "भोलि (सोमबार) बिहान हामी उत्खनन् भएको स्थानमै पुगेर हेर्छौं। त्यसपछि विभागको प्रयोगशालामै परीक्षण गरेर हेर्छौं।"

## सम्पादकीय

# मनसुनजन्य प्रकोपको पूर्वतयारी

यस वर्षको मनसुन नेपाल भित्रिइसकेको छ । नेपालमा प्रायः जुन १३ बाट मनसुन सुरु हुने गर्दछ । ग्रीष्मकालीन मनसुनले झण्डै १ सय १० दिनसम्म मुलुकका सम्पूर्ण भू-भागमा वर्षा गराउँछ । यस वर्षको मनसुन गत जेठ २८ गते नै कोशी प्रदेशमा भित्रिएको थियो । तर, पश्चिमतिर सर्न ढिलाइ भइरहेको छ । मनसुन आइतबार बल्ल मधेशको पूर्वी भागमा आइपुगेको जल तथा मौसम विज्ञान विभागले जानकारी दिएको छ । स्थानीय वायु, पश्चिमी वायु र भारतको बिहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभावका कारण मनसुन फैलिन ढिलाइ भइरहेको मौसमविद्को भनाइ छ । पूर्वी क्षेत्रमा फैलिएको मनसुनका कारण निरन्तर वर्षा भइरहँदा ताप्लेजुङका विभिन्न ठाउँमा पहिरोले दर्जनौं परिवार विस्थापित भएका छन् । वर्षाको समयमा देशभर बाढी, पहिरो, डुबान, कटानका कारण जनधनको व्यापक क्षति हुने गरेको छ ।

बागमती प्रदेश तथा मकवानपुर जिल्ला पनि विपद् जोखिमको दृष्टिकोणले विभिन्न प्रकारको प्रकोपको उच्च जोखिममा छ । बागमती प्रदेशमा बाढी, पहिरो, चट्याङजस्ता विपद्को जोखिम अधिक छ । प्रदेशको रसुवा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट, ललितपुर र मकवानपुर पहिरोको उच्च जोखिममा रहेका छन् भने मकवानपुर, चितवन, सिन्धुलीसहित उपत्यकाको काठमाडौंमा बाढीको उच्च जोखिम रहेको छ । विगतका वर्षमा नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर, ललितपुर र काभ्रेपलाञ्चोकमा सबैभन्दा बढी पहिरोका घटना भएकोमा नुवाकोट जिल्लामा सबैभन्दा बढी क्षति भएको थियो । यसवर्ष बागमती प्रदेशमा विपद्का विभिन्न घटनाबाट ३३ हजार ३ सय ७१ घरधुरी प्रत्यक्ष प्रभावित हुने अनुमान छ । मनसुनजन्य प्रकोपका कारण प्रदेशमा एक लाख ४५ हजार मानिस प्रभावित हुने अनुमान छ । पछिल्लो एक वर्षको अवधिमा बागमती प्रदेशमा विभिन्न प्रकारका विपद्का घटनामा ६१ जनाले ज्यान गुमाएका छन् । विपद्का घटनामा परेर एक सय ७७ जना घाइते भएका छन् भने ३ जना बेपत्ता छन् । एक वर्षको अवधिमा भएको विपद्को घटनामा करिब ५१ करोड रुपैयाँको क्षति भएको छ ।

बागमती प्रदेशमा १० वर्षको अवधिमा विपद्का घटनामा परेर ११ हजार ८ सय ५२ जनाको मृत्यु भएको तथ्यांक छ । सोही अवधिमा विपद्का कारण प्रदेशमा झण्डै ८ खर्ब रुपैयाँको क्षति भएको छ । प्रदेशमा बाढी, पहिरो, भूकम्प, आगलागीका ५ हजार ५ सय ८१ घटनामा सो क्षति भएको हो । प्रदेशमा विगत १० वर्षको अवधिमा भूकम्पबाट ८ हजार ३ सय ७०, आगलागीबाट ४ सय ६९, बाढीबाट एकहजार एक सय २८ र पहिरोबाट एक हजार ८ सय ८५ जनाको मृत्यु भएको छ भने विद्का घटनाबाट १२ लाख जनसंख्या प्रभावित बनेका छन् । बागमती प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि ऐन, नीति तथा कार्ययोजना लागू गरेको छ । विपद् व्यवस्थापनका लागि ३ वटै सुरक्षा निकायको परिचालनसँगै मनुसनजन्य विपद् प्रतिकार्य योजना तयार पारेको छ । प्रदेश सरकारले प्रदेशको हेटौंडा, नुवाकोट र काभ्रेमा विपद् सामग्री भण्डारणका लागि गोदाम निर्माण गरेको छ ।

मनसुन ऋतुअनुसार चल्ने हावाको बहाव हो । नेपालमा साधारणतया हिन्द महासागरबाट बंगालको खाडीको बाटो हुँदै दक्षिणपूर्वी दिशाबाट मनसुन प्रवेश गर्छ । मनसुनी वायुका कारण विभिन्न स्थानमा भारी वर्षा हुन्छ । मनसुनले खेतीपाती गर्नेका लागि खुशी ल्याउने गरेको भए पनि यसका कारण हुने विपद्का कारण धेरै नेपालीमा डर र त्रास सिर्जना गर्दछ । असुरक्षित बसोबास, अव्यवस्थित खेती, अनियन्त्रित वन विनाश, भूमिको जथाभावी उपयोग, अवैज्ञानिक विकास निर्माणजस्ता कारणले मनसुनजन्य प्रकोपको जोखिम बढ्दो छ । मनसुनजन्य प्रकोपलाई रोकथाम गर्न नसकिए पनि पूर्वसावधानी अपनाएर क्षति न्यूनीकरण गर्न सकिन्छ । प्रकोपको पूर्वानुमान गरेर सरकारले सम्भावित स्थानहरुमा पूर्वसतर्कता र विशेष सुरक्षाको व्यवस्था गर्नु आवश्यक छ । प्रकोप बढाउने गतिविधि कम गर्दै प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणमा तीनै तहको सरकारको ध्यान जानुपर्छ । विपद्पछिको उद्दार, राहत, पुनस्थापनामा राज्यका निकायहरुले चासो र सतर्कता देखाउँदै पूर्वतयारी गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बोलीले धन र मान कमाइने समय योग छ । |
| वृष | : तर्क वितर्क आदिमा अगाडि नबढ्दा राम्रो होला । |
| मिथुन | : साहसी कामले लाभ प्राप्त हुने समय छ । |
| कर्कट | : आफन्तको काममा सरिक भइने समय छ । |
| सिंह | : सकारात्मक धारणामा वृद्धि हुने समय छ । |
| कन्या | : शरीरमा अल्छीपन बढ्ने समय योग छ । |
| तुला | : प्राज्ञिक क्षेत्रका कामबाट लाभ प्राप्त होला । |
| वृश्चिक | : दायित्व र जिम्मेवारी थपिने समय योग छ । |
| धनु | : परोपकारी र सामाजिक गतिविधिमा समय बित्ला । |
| मकर | : शरीरमा आलस्यता बढ्ने समय योग छ । |
| कुम्भ | : घरायसी काममा व्ययभार बढ्ने समय छ । |
| मीन | : प्राकृतिक सौन्दर्यप्रति मन आकर्षित होला । |

# वित्तीय अनुशासन र बेरुजु

**स्थानीय तहमा राजनीतिक कित्ताकाट भए पनि केन्द्रमा बजेट आउँदा सबै एकै स्वर भएजस्तै स्थानीय तहमा पनि खर्च गर्ने र कमाउने ठाउँमा सबैको एक मत भएको छ ।**



अच्युतप्रसाद पौडेल 'चिन्तन'



विदेशमा लोकतन्त्र फस्टाएको छ । हामीकहाँ लोकतन्त्रको आगमनसँगै बेथिति र बेरुजु मौलाएको छ । बेरुजु नराख्न निर्देशन दिने अर्थ मन्त्रालय आफैं बढी बेरुजुको सिकार भएको छ । मुहान शुद्ध नभएसम्म घरका धारा शुद्ध हुन्नन् । महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, ०८१ ले अर्थमन्त्रालय र अन्तर्गतको बेरुजु सबैभन्दा धेरै ५४.७४ प्रतिशत देखाएको छ। बेरुजु शीर्ष स्थानमा नाम दर्ज गरिनेमा सञ्चार, सूचना मन्त्रालय, तेस्रोमा ऊर्जा, चौथोमा सहरी विकास, खानेपानी, भूमि व्यवस्था, गृह, संस्कृति पर्यटन, परराष्ट्र अरू धेरै छन् । महालेखाको प्रतिवेदन ०७९-८० को मात्रै होइन, विगत पाँच वर्षदेखिकै बेरुजुको अंक निरन्तर वृद्धि छ ।

अघिल्लो प्रतिवेदनमा पनि अर्थकै बेरुजु ५७.६६ अर्थात् सबैभन्दा बढी थियो । अझ अघिल्लो आव ०७६-७७ मा पनि बेरुजुको नेतृत्व अर्थले नै गरेको, ०७५-७६ मा पनि उसकै नेतृत्व रहेको र ०७४-७५ मा बेरुजुमा ऊ दोस्रो थियो भने ०७३-७४ मा पहिलो नै । धेरै विज्ञहरूले भन्ने गरेका छन्, बेरुजु भ्रष्टाचार होइन । तर, नीतिगत भ्रष्टाचार त हो नि ! नभए वित्तीय सुशासनको अवधारणा के हुन्छ लोकतन्त्रमा र यसको परिभाषा अनि आर्थिक अनुशासन र सुशासनको कुरो पनि ? आव ०७९-८० मा लेखापरीक्षण भएको अंक ७८ खर्ब ८१ अर्ब ६० करोडमा ३ हजार २ सय ७७ संघीय कार्यालय, १ हजार २ सय ७० प्रदेश, समिति तथा संस्थाहरू अनि ७ सय ४८ स्थानीय तह र ९३ सार्वजनिक संस्थानहरूको लेखापरीक्षण हुँदा ९५ अर्ब ६० करोडको बेरुजु गत वर्ष मात्रै देखाएको छ महालेखाले ।

गत वर्षसम्मको बाँकी बेरुजु ५ खर्ब ८७ अर्ब ३४ करोडमा समायोजन गरिएको बेरुजु १३ अर्ब ८ करोड घटाउँदा र थप भएको बेरुजु ९५ अर्ब ६० करोड जोड्दा कुल बेरुजु अंक ६ खर्ब ६९ अर्ब ८६ करोड पुगेको छ । यसमा स्थानीय तहकै बेरुजु २ खर्ब छ । प्रतिशतका हिसाबले भन्नुपर्दा संघीयतर्फ बेरुजुको प्रतिशत १.८९, प्रदेशको २.०३, समिति, संस्थाको ०.७८, स्थानीय तहको २.७२ र संस्थानतिरको बेरुजु ०.२५ प्रतिशतको छ । सरकारी रकम असुल फछ्र्योट ऐन, २०२७ का अनुसार बेरुजुको परिभाषामा खर्च रुजु हुन नसकेको, आलेप, लेप र अन्तिम मलेपबाट ठहरिएको कुनै रकम सम्झनुपर्ने हुन्छ ।

देश ठूलै ऋणमा छ, खर्च बढेको छ, चालु आवको नौ महिनामा २ खर्ब बढी नोक्सानमा छ देश । उच्च विप्रेषणले शोधनान्तर भने प्लसमा छ भन्छ, राष्ट्र बैंक । तर, उसले भनेअनुसारको मुद्रास्फीति मिल्दैन बजारमा । स्थानीय तहहरूको आय कम छ, धेरै केन्द्रबाट पाएको रकमले सञ्चालित छन् ती । आव ०७९-८० मा स्थानीय तहले कुल ५ खर्ब ३२ अर्ब ४६ करोड राजस्व सञ्चालन गरेका छन् । यसमा २४.४५ प्रतिशत हिस्सा वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडकै छ, राजस्व बाँडफाँडबाट ८३ अर्ब ५ करोड र वित्तीय हस्तान्तरणबाट ३ खर्ब १९ अर्ब २३ करोड राजस्व परिचालन गरेका छन् ।

यसमा स्थानीय तहको आन्तरिक राजस्व १ खर्ब ३० अर्ब १७ करोड मात्रै छ । संघले उठाएको राजस्वबाट ती परिचालित छन् । संघीय निजामती ऐन आएको छैन, देश पनि धेरै सानो छ, स्थानीयको आम्दानी एक चौथाइ मुस्किलले छ । यता कुल खर्चमा आन्तरिक राजस्वको योगदान २८.६९ प्रतिशत मात्रै छ । यसरी खर्च धान्न नसकेको सन्दर्भमा हामीले संघीयता भनेर दैलोको सरकार मानिरहेका छौँ । भ्युटावरले कर्णालीमा खच्चर खसेको देखेको छैन, लोकतन्त्र आउनुअघि पंक्तिकारले जुम्ला जाँदा त्यहीँ घोडा लडेर मरेको देखेको थियो, चढेका मित्र बचे, आफू त पैदल नै हो, अहिले खच्चर देखियो, अब देशमा लोकतन्त्र आउनु र नआउनुमा फरक के भयो त ?

स्थानीय तहमा बेरुजु बढ्नुका धेरै कारण छन् । पहिलो, दक्ष कर्मचारीकै अभाव, अर्को, खर्चमा मितव्ययिता छैन र भ्रष्टाचार मुख्य कारक नै हो । पंक्ति तयार गरिरहँदा अख्तियारले मुद्दा हालेको कारण काठमाडौँको नाकैमा रहेको गोदावरी नगरपालिकाको सेट नै निलम्बनमा परेको छ, मेयर-उपमेयर दुवैको अभावमा कसरी सञ्चालन हुन्छ कार्यालय, त्यसबारे स्थानीय सरकार सञ्चालन ऐन मौन छ । कानुनविपरीत सेवा-सुविधा दिन स्थानीय तह माहिर छन्, अहिले मात्रै होइन सुरुदेखि नै । सवारी साधन, इन्धन, मर्मत खर्च, विद्यालय दिवा खाजा, सेनिटरी प्याड वितरण, कर्मचारी मनपरी नियुक्ति, डिपिआर तयार गर्ने भन्दै अचाक्ली गरिने खर्च, उपभोक्ता समिति भन्दै रकम वितरण, सामाजिक सुरक्षा भत्तामा अनियमितता कैयन् शीर्षकमा खर्च अनियमित भएको मलेपको वर्षौं अघिदेखिकै भनाइ छ ।

हालकै प्रतिवेदनमा पनि जनप्रतिनिधिहरूले कानुनविपरीत १८ करोड ५२ लाख सुविधा बढी लिएका, चाडबाड खर्च, बैठक भत्ता, इन्धन, मोबाइल, पोसाक, सवारी, अतिथि सत्कार भनौं कानुन नै नभएको शीर्षकमा १ सय ७१ स्थानीय पालिकाहरूले स्वकीय सचिव, सल्लाहकार राखेर ९ करोड १५ लाख रकम खर्च गरेका छन् । करारका कर्मचारी भन्दै २ सय २९ पालिकाले ६ अर्ब ९२ करोड ७५ लाख खर्च गरेका, दरबन्दी नै नभएका स्थानमा २ सय २९ स्थानीय तहले १ अर्ब ५३ करोड १२ लाख भुक्तानी गरेका, २ सय २८ पालिकाले आन्तरिक स्रोत नै नहेरी कर्मचारी प्रोत्साहन भन्दै ९५ करोड ८३ लाख खर्च गरेका, डिपिआर, गुरुयोजना भन्दै १ सय ३० पालिकाले २० करोड ७२ लाख भुक्तानी गरेका, मोटरसाइकल खरिद भन्दै इन्धनमा समेत १ अर्ब ५६ करोड ६९ लाख भुक्तानी दिएका र सवारी मर्मत भन्दै ३ सय ६४ पालिकाले ७३ करोड ७६ लाख भुक्तानी गरेका, विद्यार्थी अभिलेखबिना नै १ सय ४५ पालिकाले दिवा खाजा भन्दै ५४ करोड ४३ लाख ९९ हजार भुक्तानी गरेका र १ सय ४७ पालिकाले निःशुल्क स्यानिटरी प्याड भन्दै १७ करोड ६९ हजारको प्याड खरिद गरी गोदाममा थन्क्याएका मलेपको प्रतिवेदनले भनेको छ ।

सिंहदरबार पनि सबै रुजु नभएको माथिको प्रसंगले स्पष्ट गर्छ, सुशासनको नारा लिएर नेताहरू सिंहदरबार गए, आदर्श सपना, सुशासनको नारा बोकेर चुनाव जिते, सिंहदरबार र बालुवाटार अनि ठूला महलहरूमा छिरे । नयाँ संविधानले पहिलो स्थनीय चुनाव ०७४ वैशाखमा गरायो । आव ०७४-७५ देखि आफैँले बजेट पनि ल्याउन थाल्यो स्थानीय तहले । आव ०७६-७७ मा आइपुग्दा र पछिल्लो मलेपको वार्षिक प्रतिवेदन अध्ययन गर्दा कुल बेरुजुमा संघ भनौं सिंहदरबारको ५५.५२ प्रतिशत, प्रदेश भनौँ झ्यालझ्यालैमा मन्त्रालयहरू राख्नेको बेरुजु १६.९० प्रतिशत र सिंह सरेको स्थानीय तहको बेरुजु २४.६० प्रतिशतको थियो । यसमा ऐन मिचेर पदाधिकारी र कर्मचारीहरूलाई सेवासुविधा दिइएको थियो, स्रोतको अधिक दोहन गरिएको थियो, ऐनको प्रावधानबिना नै सञ्चार, अनुगमन, घरभाडा, यातायात, इन्धन आदि शीर्षकमा खर्च गरिएको थियो । कानुनबिना नै भत्ता बुझेको, स्वकीय सचिव, सल्लाहकार नियुक्ति गरिएको र यस्तो कार्यका लागि १ सय ३१ स्थानीय तहले ९ करोड २९ लाख खर्च गरेका थिए ।

मलेपको भनाइ थियो, आन्तरिक सम्भावनाको अध्ययन नै नगरी ४ सय ४७ स्थानीय तहले बाह्य परामर्शदाताबाट काम गराएका, यसमा १ अर्ब ३९ करोड १४ लाख भुक्तानी भएको, भएको खर्च पनि मितव्ययी नभएको, स्थायी प्रकृतिको काममा करारमा कर्मचारी लिन नपाउने प्रावधान र यस्तोमा अस्थायी दरबन्दी सिर्जना गर्न नमिल्ने थियो । कानुनले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचेजस्ता कर्मचारीलाई सेवा करारमा लिन सकिने भए पनि १ सय ९४ स्थानीय तहले यीबाहेकका पदहरूमा ३ हजार ३ सय ९८ जनालाई करारमा लिएर ७१ करोड ४० लाख रकम बाँडेको प्रतिवेदनले पहिले नै औंल्याएको थियो ।

स्थानीय तहको रकमबाट आसचपु, अनुदान बाँड्न मिल्दैन, तर ४ सय ३६ स्थानीय सरकारले विभिन्न व्यक्ति, संस्थालाई ६२ करोड ३ लाख र २ सय २५ वटा स्थानीय तहले संघ, संस्था, समूह भन्दै पर्व, जात्रा, संस्कृतिका नाममा २१ करोड २२ लाख रकम वितरण गरेका थिए । २ सय ८४ यस्ता निकायले कानुन नबनाई प्रोत्साहन भत्ता भन्दै ५३ करोड ५० लाख रकम बाँडेका थिए । अझ केन्द्रले पठाएको वित्तीय समानीकरण अनुदानबाट गाडी किनेका थिए, विकास निर्माणका लागि केन्द्रबाट पठाइएको रकम आफ्नो सुविधा र उपभोगमा खर्चिएको अवस्था थियो, आव ०७६-७७ मा मात्रै स्थानीय तहले कानुनबिना चाडपर्व भन्दै १ करोड ४४ लाख खर्च गरेका थिए । ४७ स्थानीय तहले पोसाक खर्च भनी कानुनबिना १ करोड ९१ लाख खर्च गरे, आन्तरिक आय र त्यसको परिधि हेरी औचित्यका आधारमा मात्र गर्नुपर्ने विविध खर्चमा ४ सय ७१ स्थानीय तहले १ अर्ब ३१ करोड ८८ लाख यो शीर्षकमा खर्चेका थिए ।

सरकारी कोषबाट पेन्सन पाउने पदाधिकारी स्थानीय तहमा गए, त्यस्ताले एक मात्र सुविधा लिन पाइनेमा ३७ स्थानीय तहले पेन्सन पाउने पदाधिकारीलाई ३ करोड ६२ लाख रकम पारिश्रमिक दिएको मलेपको प्रतिवेदन थियो । केन्द्रको स्वीकृतिबिना पदाधिकारी वा कर्मचारी विदेश भ्रमणमा जान नपाउने भए पनि स्वीकृति नलिइकनै ४७ यस्ता तहले विदेश भ्रमण गराई १ करोड ५१ लाख भत्ता वितरण गरे । धेरै समय चुनाव नभएर स्थानीय तहमा सुशासन भएन भनियो, दुई चुनावपछि जननिर्वाचितहरू आउँदा पनि पहिलेको रोग घटेन र बढेको छ । चुनाव नहुँदा मिलीजुली दल र तिनका प्रतिनिधिले सर्वदलीय भन्दै सरकारी दोहन गरे, अनुभव पाको भयो, के कुन शीर्षकमा कसरी राजस्व परिचालन गर्न सकिन्छ भनेर पछि तिनैले अभ्यास गर्न थाले यसमा । नागरिक बडापत्र नाम मात्रको भयो, सुविधा पाउनुपर्नेले पाएन, मिलिभगत भयो । स्थानीय तहमा राजनीतिक कित्ताकाट भए पनि केन्द्रमा बजेट आउँदा सबै एकै स्वर भएजस्तै स्थानीय तहमा पनि खर्च गर्ने र कमाउने ठाउँमा सबैको एक मत भएको छ ।

सुशासन र सेवा प्रवाहका संवाहक भनेका राष्ट्रसेवक कर्मचारी हुन् । तर, राजनीतिको छाया परेको छ तिनमा । राष्ट्रसेवकहरूलाई कामप्रति सजग गराउन, सेवाभावप्रति उत्तरदायी बनाउन, समयमै काम सम्पन्न गराउन, उत्कृष्ट नतिजा भनौं सेवाको परिणाम दिन, जिम्मेवारी वहन गराउन, कार्यसंस्कृतिको विकास गराउन नेतृत्वले सकेन । राष्ट्रसेवकहरूमा ज्ञान, सीप, अनुभव छ, तर प्रयोगमा आएन । यसका लागि कर्मचारीहरूको सरुवा, पुरस्कार, सजाय, वृत्तिविकास र पूर्ण क्षमताको विकास गरी सरकारी सेवालाई उत्कृष्ट बनाइने अठोट नै गरेन नेतृत्वले ।

संघीय संविधान लागु भएको वर्षौं भइसक्दा पनि सुशासनको प्रत्याभूति दिने खालको संघीय निजामती सेवा ऐन आएन । लेखा प्रणालीको व्यवस्थापन गर्ने कुमारी चोकको अर्को रूप मलेपको इतिहास लामो छ । अहिले उसले ६१ औं वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ र पनि यसको इतिहास हेर्दा २ सय ५५ वर्ष नाघिसकेको छ । लोकतन्त्रमा बेलायतको नाम संसारमै चर्चित छ लेखा प्रशासन, बेरुजुका सन्दर्भमा त्यहाँको इतिहास सन् १८६५ देखि मात्र आरम्भ भएको हो । अर्को संसारकै उच्च मानिएको देश अमेरिकाको इतिहासमा यस्ता संस्थाहरूको स्थापनाको समय हाम्रो कुमारी चोकभन्दा पछिको मात्र हो । हामीकहाँ राष्ट्रिय बजेट प्रस्तुत गर्ने परम्परा वि.सं. २००८ देखि सुरु भएको देखिए पनि बेरुजु, लेनदेनको हिसाब, सरकारी असुलउपर प्रथा कुमारी चोक अड्डा स्थापना भएदेखि नै हो र पनि बेरुजु फछ्र्योट र सुशासनका विषयमा हामी संसारमै पछाडि छौं ।

अन्य देशहरूमा यसबारेमा कठोर नीति छ भने हाम्रो राजनीतिक प्रतिबद्धताको अभावमा बर्सेनि अनियमित खर्च बढ्दै छ । बेरुजुको अंक हेर्दा हाम्रो काम-कारबाही, बजेट खर्च र उपलब्धिका सम्बन्धमा बहस नै गर्नुपर्ने भएको छ । दक्ष कर्मचारीको अभाव, तालिम र राजनीतिक इमानदारिताको अभाव छ, वित्तीय सुशासनको अभाव छ । *(स्रोतः कारोबारदैनिक)*

# सबै विद्यालयहरुलाई नमुना बनाउनुपर्छः मन्त्री मोक्तान




*शिक्षक संगठनको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री कुमारी मोक्तान ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सबै विद्यालयलाई नमुना विद्यालय बनाउनुपर्ने बताउनुभएको छ । शनिबार हेटौँडामा आयोजित नेकपा माओवादी केन्द्र निकट एकीकृत अखिल नेपाल शिक्षक संगठन हेटौँडा उपमहानगर कमिटीको दोस्रो सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले शिक्षकहरुलाई आ-आफ्नो विद्यालयलाई नमुना विद्यालय बनाउन लाग्न आग्रह गर्नुभयो ।

विद्यालयलाई नमूना बनाउन सके शिक्षा क्षेत्रमा परिवर्तन आउने उहाँको भनाई छ । यसका लागि सरकार, विद्यालय व्यवस्थापन समिति र अभिभावकको साथ चाहिने उहाँले बताउनुभयो । नमूना विद्यालय बनाउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उहाँले प्रतिबद्धतासमेत जनाउनुभयो । उहाँले एकीकृत अखिल नेपालका शिक्षकहरुले अरु संगठनका शिक्षकहरुले भन्दा फरक र राम्रो काम गर्नुपर्ने बताउनुभयो । अहिले रहेको शिक्षक सरुवा, बढुवा र तलब वृद्धि जस्ता शिक्षकका समस्याहरुलाई संगठनले उठान गरी समाधान गर्न माग गर्नुपर्ने बताउनुभयो । नेपालको राजनीतिमा शिक्षक आन्दोलनको भूमिका रहेको भन्नुहुँदै उहाँले शिक्षकले पनि परिवर्तनकारी भूमिका खेल्न सक्नुपर्ने बताउनुभयो ।

संगठनका अध्यक्ष विष्णुहरी गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, पार्टी प्रदेश सचिवालय सदस्य सर्केश घलान, ललित घलान र हेटौंडा नगर कमिटीका अध्यक्ष तीर्थ थापा लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षक संगठन थाहा नगर अध्यक्षमा लामिछाने

समाज संवाददाता

हेटौँडाः नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर कमिटीको अध्यक्षमा मनोज लामिछाने सर्वसम्मत चयन हुनुभएको छ । शनिबार थाहा नगरपालिका वडा नम्बर १ कुन्छालमा भएको दोस्रो अधिवेशनले लामिछानेको अध्यक्षमा सर्वसम्मत २७ सदस्यीय नगर कमिटी चयन गरिएको हो ।

समितिको महिला उपाध्यक्षमा सावित्री केसी र खुला उपाध्यक्षमा कृष्ण भट्ट चयन हुनुभएको छ । सचिवमा सचिन कुमार बल र सहसचिवमा सविना बल चयन हुनुभएको छ । कोषाध्यक्षमा हरि प्रसाद ढकाल र सहकोषाध्यक्षमा कविता कँडेल चयन हुनुभएको छ । नगर समितिका निवर्तमान अध्यक्ष रुपचन्द्र गोपालीको सभाध्यक्षमा तथा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दहालको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन समारोह भएको हो । उद्घाटन कार्यक्रममा एमालेका जिल्ला कमिटी सदस्य शशीधर सुवेदी, नेकपा एमाले थाहा नगर कमिटीका अध्यक्ष सुरेन्द्रमान प्रधान, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका सचिव मुकुन्द न्यौपानेको पनि आतिथ्य रहेको थियो ।

# हेटौँडामा दुर्घटनामा परी कालिकोटका तिरुवाको मृत्यु

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१९, दारिमटारमा शनिबार दुर्घटनामा परी कालिकोटा जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका-४ का ३० वर्षी रमेश तिरुवाको मृत्यु भएको छ ।

शनिबार साँझ साढे ६ बजेको समयमा मनहरीबाट हेटौँडातर्फ जाँदै गरेको ना ७ त ४३७६ नम्बरको ट्याक्टरले हेटौँडाबाट मनहरीतर्फ जाँदै गरेको बा ७० प ७१८९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी मोटरसाइकलमा सवार तिरुवा गम्भीर घाइते भएका थिए । हेटौँडास्थित सीएमसी चुरेहिल अस्पतालमा उपचारपछि शनिबार राती थप उपचारका लागि तिरुवालाई चितवन पठाइएको थियो । चितवनबाट पनि तिरुवालाई आइतबार बिहान ३ बजे काठमाडौं लगिएको थियो । काठमाडौं ट्रमा सेन्टरमा आइतबार बिहान ११ बजेको समयमा उपचारको क्रममा तिरुवाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मोटरसाइकल चालक चितवन जिल्लाको भरतपुर महानगरपालिका-५, तोरीखेतका ३७ बर्षीय मुस्कान घलान घाइते भएका छन् । ट्याक्टर चालक भने फरार रहेको र खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# शैक्षिक अनुसन्धानमूलक लेख लेखन कार्यशाला सम्पन्न


समाज संवाददाता

हेटौँडाः विश्वविद्यालय तहमा प्राध्यापनरत प्राध्यापकहरुका लागि शैक्षिक अनुसन्धानमूलक लेख लेखन कार्यशाला सम्पन्न भएको छ । हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा बिहिबारबाट सुरु भएको कार्यशाला शनिबार सम्पन्न भएको हो ।

हेटौँडा क्याम्पसको अनुसन्धान इकाईका संयोजक विजय नेपालको सभाध्यक्षता तथा हेटौँडा क्याम्पस संचालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यमा कार्यशालाको समापन कार्यक्रम भएको हो । कार्यशालाको समापनको अवसरमा कार्यशालामा सहभागी समूहका प्रतिनिधिले शैक्षिक अनुसन्धानमूलक कार्यशालामा तयार पारिएका लेखहरुको सार प्रस्तुत गरेका थिए । कार्यशालालाई डा. शंकरप्रसाद उपाध्यक्ष, डा. लोकराज शर्मा, डा. रामप्रसाद अधिकारी, डा. विजय नेपाल, डा. देवचन्द्र मानन्धर र डा. राजु थापा क्षेत्रीले सहजीकरण गर्नुभएको थियो । समापन समारोहमा हेटौँडा क्याम्पसका प्रमुख देवीराम लामाको पनि आतिथ्य रहेको थियो ।

## बुधबारे बालसाहित्य विशेषबारे

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



सम्पादक ।

# बालजागृतिका विद्यार्थीको आवाज

## किशोर कथा

पुस्तक समीक्षा



स्वर्णिमा श्रेष्ठ

मैले पढेको पुस्तकको नाम किशोर कथा हो । यसका लेखक प्राचार्य रामकुमार पाण्डे हुन् । यो बाल साहित्यको पुस्तक हो । विवेक सृजनशील प्रकाशन प्रालिले प्रकाशनमा ल्याएको यस पुस्तक बजारमा पहिलो संस्करणको रुपमा २०७४ सालमा प्रकाशित भएको हो । यस पुस्तकमा १५२ पाना रहेका छन् । आइएसबिएन नम्बर ९७८ ९९३ ७३१ २४०० रहेको यस पुस्तकको मूल्य २५० रुपैयाँ रहेको छ ।

मलाई यस पुस्तकमा लेखकको लेख्ने तरिका राम्रो लाग्यो र लेखकको यो पहिलो कृति पनि हो । किशोरहरूको हकहितको बारेमा लेखिएको यस पुस्तकले किशोरावस्थामा देखिने परिवर्तन, आवेग, आक्रोश र त्यसले निम्ताउने असरबारे यस पुस्तकले व्याख्या गरेको छ । बालबालिकामा उमेर बित्दै जाने क्रममा शारीरिक बनावट, सोच, विचार, आवश्यकता जस्ता थुप्रै परिवर्तनहरू आउन सक्छन् । उनीहरु सही निर्णय लिन असक्षम हुन्छन् । त्यो समयमा आफूभन्दा ठूलो परिवारको सदस्यहरूको सल्लाह सुझाव लिएर अघि बढ्नुपर्छ भन्ने समझ बालबालिकाहरूमा किशोर उमेरमा नआउन पनि सक्छ ।

किशोरावस्थामा शरीरमा पनि धेरै परिवर्तन आउने गर्छ । यही शारीरिक परिवर्तनलाई पनि उनीहरूलाई स्वीकार्न निकै असहज हुने गर्छ । आफूमा पनि देखिएको शारीरिक परिवर्तन बारे आफ्ना अभिभावकसँग खुलेर कुरा गर्न सक्दैनन् । यही अवस्थाबाट नै किशोर उमेरका बालबालिकाहरु गुज्रिरहेका हुन्छन् । यसरी आफ्ना बालबालिकाहरूले केही फरक महसुस गरेको थाहा पाएमा अभिभावकहरूले पनि छोराछोरीलाई सम्मानपूर्वक व्यवहार गरेर यस्ता कुराहरु नियमित प्रक्रिया हुन् भन्दै सम्झाउनु पर्छ । त्यसैगरी किशोर अवस्थामा धेरै कुरा साथीभाइको नै सही लाग्ने गर्छ र आफ्ना अभिभावकले भनेको कुरा सही नभएको हो कि भन्ने शंका किशोरकिशोरीलाई लाग्न सक्छ । किशोर उमेरमा साथीभाइको समूहमा बढी रमाउन चाहन्छन् । आफूलाई खुल्ला र स्वतन्त्र भएको महसुस गर्छन् । जसले गर्दा केटाकेटीहरू कुलतमा फस्न सक्ने पढाइलाई राम्रोसँग अगाडि बढाउन नसक्ने जस्ता क्रियाकलापहरु हुन जान्छन् । यस्तो अवस्थामा बालबालिका र आमाबुबा दुवै नै सजग हुनु जरुरी हुन्छ ।

आफ्ना छोराछोरी कस्ता संगतमा लाग्दैछन् ? उनीहरूको व्यवहार कसरी परिवर्तन हुँदैछ ? उनीहरु कसका लहैलहैमा लागेर अगाडि हिँड्दैछन् ? भन्ने कुरामा अभिभावक निकै नै सतर्क हुनुपर्छ । स्कुल, कलेज गएका छोराछोरीहरू स्कुल, कलेजमा छन् कि छैनन् ? कति समय उनीहरुले पढाइलाई ध्यान दिए ? उनीहरु कुन समयमा बाहिर निस्केका हुन् ? भन्ने कुरा सम्बन्धित निकायमा पनि पटक-पटक बुझिरहनु जरुरी रहन्छ । आफ्ना साथीहरूसँग हिँडेका छोराछोरीहरूको पढाइ र अन्य गतिविधिबारे पनि नजिकैबाट निगरानी गरिरहनु पर्छ ।

यस्ता महान विचारहरू यस पुस्तकमा लेखिएको हुँदा यो पुस्तक हामी किशोरावस्था पार गर्दै गरेका बालबालिका र किशोरावस्था उमेरका छोराछोरी हुर्काउँदै गरेका अभिभावक दुवै पक्षलाई निकै नै महत्वपूर्ण रहेको छ त्यसैले मलाई यो पुस्तक असाध्यै मनपर्‍यो । किनकि म पनि यही किशोर अवस्थालाई पार गर्दै गरेको एक बालिका हुँ, एक विद्यार्थी हुँ र अभिभावकको एक सन्तान हुँ । त्यसैले आगामी दिनमा मैले गर्नुपर्ने व्यवहार, पढाइ प्रतिको मेरो लगाव, मैले गर्ने साथीहरूको संगत यी सबै सबै कुराहरूको बारेमा मलाई यस पुस्तकले झस्काएको छ । *कक्षा-८*

## उज्यालोको रंग

पुस्तक समीक्षा



आज्ञा पौडेल

मैले आजसम्म पढेको पुस्तकमध्ये मलाई धेरै मन परेको अनि मेरो मनमा छोएको पुस्तकको नाम हो, उज्यालोको रंग । यस पुस्तकका लेखक जानुका खतिवडा हुनुहुन्छ । यस पुस्तकको प्रकाशक कलम प्रकाशन काठमाडौँ हो भने यो पहिलो संस्करणको रुपमा २०७८ भदौमा प्रकाशित भएको पुस्तक हो । झन्डै १०० पृष्ठ संख्या रहेको यस पुस्तकको आईएसबिएन नम्बर ९७८ ९९३७ ०९४१९ १ रहेको छ भने यसको मूल्य १७० रुपैयाँ तोकिएको छ ।

हुन त यो पुस्तक पढ्दै जाँदा यसभित्र मैले मेरो तहका लागि बुझ्न गाह्रो भएका केही शब्दहरू पनि भेट्टाएँ । जसको अर्थ बुझ्न मलाई निकै कठिन पनि भयो । तर पनि पुस्तकको सयौं पृष्ठपछि भने दुई पानामा कठिन शब्दहरूको शब्दार्थ पनि रहेको छ । यो पुस्तक पढ्दै गर्दा मलाई लेखकले लेख्ने तरिका गजबको लाग्यो । मैले मेरो तहले मेरो ज्ञानले जे जति बुझ्न सके पढ्न सके यो पुस्तकको त्यही नै रुपमा म आफ्नै विवेचनाले पाठकको रुपमा यो पुस्तकको समीक्षा गर्न जाँदैछु ।

लेखकले अहिलेसम्म शून्य (उपन्यास), असल साथी, कसले चोर्‍यो चकलेट (बालकथा संग्रह) कृति प्रकाशित गरिसकेका छन् र अहिले उनको यो उज्यालोको रंग प्रकाशनको हिसाबले चौथो कृति हो । र यो पुस्तक किशोर उपन्यास पनि हो । र यो उपन्यास सामाजिक र लैङ्गिक विभेदका बारेमा लेखिएको छ । यस उपन्यासले अन्याय र विसंगतिका विरुद्ध लड्न सिकाएको छ । किशोरहरूलाई सङ्घर्षको कथा पढाएको छ । र पुस्तक भित्र यस्तै खालका पढ्नुपर्ने अभ्यासहरू ११ वटा रहेका छन् । अतः हतारमा बिहान, स्कुलमा गल्फत्ती, मनको बाघ, आमाको माया, बोक्सी, वायुपंखी घोडा, खर्चको जोहो, रातो बाकस र बा, अक्षरको रहस्य, छोपुवा रोग, भूतको घर र धामी, ढ्याङ्ग्रो अनि जोखाना रहेको छ ।


सामाजिक कुसंस्कार, लैङ्गिक विभेद, अन्याय, अत्याचार, रूढी परम्पराको विरुद्धमा लेखिएको यस पुस्तकको आकार र बनोट सानो भएपनि १०० पृष्ठभित्रमा फैलिएको यो उपन्यासबाट हामीले सामाजिक र लैङ्गिक विभेदका विरुद्धमा आवाज उठाउनुपर्छ, अन्याय र कुसंस्कारका विरुद्धमा एकै बोली बोल्नुपर्छ र समाज परिवर्तनको दिशामा किशोरहरुको भूमिका अहम् रहन्छ भन्ने मूलभाव बोकेको यस पुस्तकले हामीलाई नयाँ पिढी भएर नयाँ सोच र समझको विकास गर्नुपर्छ, पुरातन रूढीवादी चेतलाई त्याग्दै समाजमा चेतनाको बिगुल फुक्नुपर्छ र किशोर बयलाई ऊर्जाको रुपमा लिँदै आफ्ना शक्तिहरुलाई सकारात्मक बाटोमा लानुपर्छ भन्दै यस पुस्तकले किशोर किशोरीहरुलाई आफू हुर्कंदै गरेको समाजको बारेमा बुझ्न थप सहयोग पुर्‍याएको छ ।

आर्थिक अभावले मानिसलाई मानसिक रुपमा पर्ने तनावबाट कसरी मुक्त हुन सकिन्छ भन्ने सुझाव समेत यस पुस्तकले दिन खोजेको छ । त्यसैले मलाई यो पुस्तक धेरै मनपर्‍यो । किनभने यस पुस्तकमा रमाइला रोचक तथ्यवर्धक एवम् समाज परिवर्तनका लागि सचेतनामूलक सन्देशहरू समेटेर उपन्यास तयार पारिएको छ । पढ्दै जाँदा यो पुस्तकका हरेक उपशीर्षकहरूले मन तानी नै रह्यो । र यस पुस्तकमा पढ्ने क्रममा शब्दहरू केही कठिन लागे तापनि त्यसले दिने सन्देश भने निकै महत्वपूर्ण रहेको पाइयो । र म यो पुस्तक म जस्ता किशोर उमेर बिताइरहेका मेरा अन्य साथीहरुलाई पनि पढ्न सुझाव दिन्छु ।

*कक्षा-८*

## कुकुर र भाले

कथा



सुप्रिया कार्की

एकादेशमा एउटा जङ्गलमा एउटा कुकुर र भाले मित मित थिए । उनीहरु एकअर्काका निकै घनिष्ठ मित्र थिए । र उनीहरु एक अर्काका उस्तै सारथी पनि थिए । एकदिन साँझ उनीहरू घुम्न निस्किए । घुम्दै जाने क्रममा उनीहरू घना जंगलको बाटोतिर लागे । जंगल पस्दै गर्दा जङ्गलका बाक्ला रुखहरुले गर्दा उनीहरूको बाटो अन्धकार हुन थाल्यो । आफु जाने बाटो पहिल्याउनै नसक्ने अध्यारो भएपछि कुकुर र भालेले त्यतै जङ्गलतिर बास बस्ने निधो गरे ।

भाले बुर्र उडेर रुखमा चढ्न सक्ने भएकाले भाले रुखको हाँगामा गएर बस्यो । कुकुर भने रुखको तल अडिएर बस्यो । त्यसैगरी उनीहरूले रात बिताए । भोलिपल्ट बिहान हुनै लाग्दा भाले आफ्नो स्वभाव अनुसार ठूलो स्वरले धेरै पटक बास्यो । यसरी सुनसान जंगलमा भाले बासेको सुनेपछि फ्याउरोले चनाखो हुँदै यताउति कान थापेर सुन्यो । फेरि पनि भालेले उस्तै आवाजमा बासेपछि अब भने फ्याउरोले भाले बासेको बाटो पत्ता लगायो । भाले र कुकुर बसेको रुखको फेदीमै फ्याउरो पुग्यो ।

फ्याउरोले भालेलाई यस्तो मिठो स्वरले कराउने चरासँग आफू संगत गर्न पाए हुन्थ्यो भन्ने मनसाय व्यक्त गरे । फ्याउरोले निकै मिठो बोलीचालीले भालेलाई फकाउन थाल्यो र भालेलाई तलै आएर आफूसँग परिचय गर्न भन्यो । तर भालेलाई भने फ्याउरोको चालामाला देखेर शङ्का लाग्न थाल्यो । भालेले बाठो हुँदै फ्याउरोलाई भन्यो, "रुखको फेदमा मेरो एउटा भरिया सुतेको छ उसलाई उठाउ र उसै मार्फत मलाई तल बोलाउ भन्यो । फ्याउरोले पनि कुकुरलाई उठायो र भालेले भनेजस्तै गर्‍यो । तर फ्याउरोको यो व्यवहार देखेर कुकुरलाई शंका लाग्यो र कुकुरले फ्याउरोलाई झम्टँदै टोक्न पुग्यो । कुकुरले आफूलाई झम्टिन थालेको देखेपछि फ्याउरो त्यहाँबाट सुईकुच्चा ठोकेर भाग्यो ।

त्यसैले यस कथाबाट एकआपसमा संकट आइपर्दा मिलेर समाधान गर्नुपर्छ एक अर्काबीचको मित्रता नै एक अर्काको आड भरोसा हो भन्ने सन्देश पाइन्छ । *कक्षा-८*

# बागमती प्रदेशको बजेट १ अर्ब ८४ करोड बढ्यो



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आगामी आर्थिक बर्ष २०८१/०८२ का लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट ल्याएको छ। प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले शनिबार बसेको प्रदेशसभाको बैठकमा चालु आर्थिक बर्षको तुलनमा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गर्नुभएको हो।

चालु आर्थिक बर्षमा प्रदेश सरकारले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । प्रदेश सरकारले आगामी आर्थिक बर्षका लागि कुल बजेट मध्ये चालूतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पूँजीगत तर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ । प्रदेश सरकारले कुल विनियोजनको चालूतर्फ ४०.४४ प्रतिशत, पूँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २.३२ प्रतिशत बजेट रहेको छ।

आगामी आर्थिक बर्षको खर्च बेहोर्ने स्रोतमध्ये कर राजश्वबाट २७ अर्ब ३८ करोड ५७ लाख रुपैयाँ, अन्य राजश्वबाट ६ अर्ब ५१ करोड रुपैयाँ, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ६५ लाख रुपैयाँ, चालू आर्थिक बर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड रुपैयाँ अनुमान गरिएको छ ।

### स्थानीय तहलाई ८ अर्ब अनुदान

प्रदेश सरकारले स्थानीय तहलाई ८ अर्ब ३७ करोड रुपैयाँ वित्तीय हस्तान्तरण गर्ने प्रस्ताव गरेको छ । राष्ट्रिय वित्त आयोगको सिफारिसमा प्रदेश सरकारले स्थानीय तहलाई वितरण हुने विभिन्न अनुदान अन्तर्गत सो रकम विनियोजन गरिएको मन्त्री थपलियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेश सरकारले समानीकरण अनुदानतर्फ १ अर्ब ६६ करोड रुपैयाँ, सशर्त अनुदानतर्फ ३ अर्ब ४३ करोड रुपैयाँ, समपुरक अनुदानतर्फ २ अर्ब ४८ करोड रुपैयाँ, विशेष अनुदानतर्फ ७९ करोड ३८ लाख रुपैयाँ विनियोजन गर्ने प्रस्ताव गरिएको छ । प्रदेश सरकारले सवारी करको बाँडफाँडबाट ११९ वटा स्थानीय तहबाट ५ अर्ब उपलब्ध हुने अनुमान गरिएको छ ।

### कुन मन्त्रालयले कति पाए बजेट ?

आगामी आर्थिक बर्षमा प्रदेश सरकारले ल्याएको कुल बजेट मध्ये भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत सबैभन्दा बढी बजेट रहेको छ। प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि २२ अर्ब ६४ करोड रुपैयाँ बजेट छुट्याएको छ भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि २ अर्ब ६२ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको २ अर्ब ४६ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ । उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका लागि ७२ करोड रुपैयाँ विनियोजन गरिएको छ । वन तथा वातावरण मन्त्रालयका लागि ३ अर्ब २१ करोड रुपैयाँ विनियोजन गरिएको छ । श्रम रोजगार तथा यातायात मन्त्रालयका लागि ९३ करोड रुपैयाँ विनियोजन गरिएको छ । स्वास्थ्य मन्त्रालयका लागि ४ अर्ब ८ करोड रुपैयाँ विनियोजन गरिएको छ।

सामाजिक विकास मन्त्रालयका लागि ३ अर्ब ९१ करोड रुपैयाँ विनियोजन गरिएको छ। युवा तथा खेलकुद मन्त्रालयका लागि ७४ करोड रुपैयाँ विनियोजन गरिएको छ। खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयका लागि ६ अर्ब ९३ करोड रुपैयाँ विनियोजन गरिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि ४४ करोड रुपैयाँ विनियोजन गरिएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत वित्तीय क्षेत्रका लागि २४ करोड २ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लागि ५० करोड ६४ लाख रुपैयाँ विनियोजन गरिएको छ।

### प्रदेशबाटै सवारी चालक अनुमति पत्र

प्रदेशमा सवारी चालक अनुमती पत्र छपाइका लागि बजेट विनयोजन गरिएको छ । प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेटमा संघीय सरकारसँगको समन्वयमा सवारी चालक अनुमति पत्र छपाईका लागि मेसिन खरिद तथा छपाई र वितरणका लागि आवश्यक बजेट विनियोजन गरिएको मन्त्री थपलियाले बताउनुभयो। स्थानीय तहको समन्वयमा रोजगारी फण्डको व्यवस्था गरिने उहाँले जानकारी दिनुभयो ।

प्रदेश सरकारले आगामी आर्थिक बर्षमा मुख्यमन्त्री जनता कार्यक्रम कार्यक्रमका लागि २१ करोड रुपैयाँ विनियोजन गरेको छ । प्रदेश सरकारले आगामी आर्थिक बर्षमा चितवनको माडी, दोलखाको जिरी, सिन्धुलीको दुधौलीमा प्रादेशिक अस्पतालका रुपमा विकास गर्ने उहाँले बताउनुभयो। अर्थमन्त्री थपलियाले एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन र स्थानीय तहसँगको समन्वयमा समुदायस्तरसम्म सेवा प्रवाह गर्नका लागि ४९ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिनुभएको छ।

विपन्न असाहाय, सिमान्तकृत समुदायका नागरिकको निःशुल्क स्वास्थ्य बीमाका लागि ११ करोड ५७ लाख रुपैयाँ विनियोजन गरिएको छ । ३०० शैय्या अस्पताल संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । चितवनस्थित आयुर्वेदिक औषधालयबाट औषधी उत्पादनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

प्रदेश सरकारले बागमती सार्वजनिक विश्वविद्यालयको संरचना निर्माण र शैक्षिक कार्यक्रम संचालनका लागि १० करोड रुपैयाँ विनियोजन गरिएको छ। मन्त्री थपलियाका अनुसार प्रदेशको सामुदायिक विद्यालयलाई आवसीय मोडलमा संचालनका लागि ३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । सहयोगापेक्षी सडक मानव पुनःस्थापनाका लागि बजेट विनियोजन गरिएको छ । गरिबसँग प्रदेश सरकार भन्ने नाराका साथ कृषि तथा साना उद्यमका लागि व्याज अनुदानका लागि १ करोड रुपैयाँ विनियाजन गरिएको छ।

# प्रदेशका ५ जिल्लामा ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बामगती प्रदेशका ५ जिल्लामा शनिबार विभिन्न घटनामा परी ६ जनाको मृत्यु भएको छ। चितवनका दुई, मकवानपुर, नुवाकोट, रसुवा र सिन्धुलीमा एक-एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शनिबार मकवानपुरको मनहरी गाउँपालिकामा लडेर एक जना पुरुषको मृत्यु भएको छ । शनिबार राति ९ बजे मनहरी-३ स्थित डोढेका ५६ बर्षीय कर्ण बहादुर ब्लोनको लडेर मृत्यु भएको हो । सोही ठाउँस्थित गुम्बाबाट लेबर काम गरेर मादक पदार्थ सेवन गरी घर फर्किने क्रममा ब्लोन पश्चिम सडक छेउमा अचानक आफैं लडेर मृत अवस्था छ भनेर प्रहरीलाई खबर प्राप्त भएको थियो। खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नेवारपानीबाट प्रहरी टोली खटिएको थियो।

चितवनको माडी नगरपालिकामा ट्याक्टरले च्यापिएर एकजनाको मृत्यु भएको छ । शनिबार बिहान ११ बजेको समयमा माडी-२ स्थित भैरवपुरमा ट्याक्टरको ढालाले च्यापेर सोही ठाउँका ३१ वर्षीय रविन राना मगरको मृत्यु भएको हो । ट्याक्टरको हाईड्रोलिक जाम भएको भन्दै आफ्नै घरमा बनाउने क्रममा एक्कासी ढाला खसी लाग्दा मगर गम्भीर घाइते भएका थिए । घाइते मगरलाई बघौडा अस्पताल माडीमा उपचारका लागि लगिएकोमा बिहान ११ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो।

चितवनको भरतपुर महानगर पालिका-२३ मा एक महिलाको मृत्यु भएको छ । ५८ वर्षीया देवी अधिकारी आफ्नै बारीमा घाँस काट्ने क्रममा एक्कासी ढलेर बिरामी भई उपचारका लागि अस्पताल लगिएकोमा मृत्यु भएको हो । अधिकारीलाई राति ८ बजेर १० मिनेटको समयमा उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुरमा लगिएकोमा ८ बजेर २१ मिनेटमा डाक्टरले मृत घोषणा गरेको हो।

नुवाकोटको तादी गाउँपालिका-३, बाङ्गेटारमा साँझ ५ बजे पौडी खेल्ने क्रममा डुबेर मृत्यु एक बालिकाको मृत्यु भएको छ । तादी खोलाको ककरे दहमा पौडी खेल्ने क्रममा डुबेर तादी-१ की १३ वर्षीया अनिषा थिङ तामाङको मृत्यु भएको हो । तामाङको शव शनिबार राति १० बजेर २९ मिनेटको समयमा मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुलीमा लगिएको थियो ।

रसुवा जिल्लाको कालिका गाउँपालिका-१ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका-५, चेतेका २२ वर्षीय टेक बहादुर घले रहेका छन्। शनिबार बिहान ८ बजेर १५ मिनेटको समयमा बेत्रावती-मैलुङ-स्याफ्रूवेसी सडकखण्डमा पुल मर्मत गर्नका लागि प्रयोग गरेको स्काभेटरमा डिजेल भर्नका लागि स्काभेटरको बकेटमा हेल्पर सहित डिजेल राखेर बकेट उठाउने क्रममा अचानक बिजुलीको हाईटेन्सन लाईनमा छुन पुग्दा घले गम्भीर घाइते भएका थिए। करेन्ट लागेर गम्भीर घाइते घलेलाई उपचारका लागि त्रिशुली अस्पताल नुवाकोट लगिएकोमा बिहान १० बजेर ३९ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो । घलेको शव उनको बुबाले बुझी लगेको प्रहरी जनाएको छ ।

यस्तै सिन्धुली जिल्लाको मरिण गाउँपालिका-२ स्थित कटनडाँडामा एक जना मृत फेला परेका छन्। सोही ठाउँका ५८ वर्षीय टेक बहादुर दंगाली मृत फेला परेका हुन् । शनिबार दिउँसो १ बजे जडिबुटी खोज्न घरबाट हिँडेका दंगाली राति अबेरसम्म घर नआएपछि बिहान स्थानीय र आफन्तहरुले खोजतलास गर्ने क्रममा घरबाट ७ किलोमिटर पुर्वमा रहेको खोँचमा मृत अवस्था भेटिएका थिए। घटनास्थलको अवस्था हेर्दा दंगाली उक्त भिरबाट १ सय ५० मिटर तल खसेर मृत्यु भएको जस्तो देखिएको प्रहरीले जनाएको छ।

# प्रदेश सभा अगाडि प्रदर्शन

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गर्न माग गर्दै बागमती प्रदेश सभा अगाडि प्रदर्शन भएको छ। नेपाली काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र माओवादी केन्द्रका युवाहरुले प्रदेश सभा भवन अगाडि अस्पताललाई नीजिकरण गर्न नहुने भन्दै प्रदर्शन गरेका हुन् । युवाले विरोधस्वरुप कालो व्यानरसहित नाराबाजी गर्दै प्रदर्शन गरेका हुन् । उनीहरुले अस्पताललाई स्मारक बनाउन बन्द गर, क्याबिनेटको निर्णय मान्य हुन्न, सार्वजनिक सम्पत्तिलाई निजीकरण गर्न बन्द गर जस्ता नारा लगाएका छन्। प्रदेश सभाको बैठक अगाडि उनीहरुले प्रदर्शन गरेका हुन् । बागमती प्रदेश सभाको बैठक आइतबार ४ बजे बस्ने तय भएको थियो । उक्त बैठकमा प्रदेश सरकारको बजेट प्रस्तुत हुने कार्यक्रम थियो । प्रदेश सभा बैठक अझै सुरु हुन सकेको छैन । बैठक सुरु हुन केही समय लाग्ने जनाएको छ।

# एमाले मकवानपुरगढीमा घिमिरे सर्वसम्मत

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले गाउँकमिटीको अध्यक्षमा जीत बहादुर घिमिरे चयन हुनुभएको छ । शुक्रबार भएको दोस्रो अधिवेशनले घिमिरे सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो । घिमिरेको अध्यक्षतामा ६५ सदस्यीय गाउँ कमिटी गठन गरिएको छ ।

गाउँ कमिटीको उपाध्यक्षमा चन्द्र योञ्जन चयन हुनुभएको छ । सचिवमा रोमनाथ रेग्मी ५ मतले विजयी हुनुभएको हो । अर्का आकांक्षी उमेश अधिकारीलाई पराजित गर्दै रेग्मी सचिवमा विजयी हुनुभयो । रेग्मीले ७५ मत प्राप्त गर्दा अधिकारीले ७० मात्र प्राप्त गर्नुभयो । निर्वाचनको प्रक्रियामा १ सय ७० जनाले मतदान गरेकोमा ७ वटा मत बदर भएको थियो । यस्तै उपसचिवमा खुलातर्फ सीताराम र महिलामा अम्बिका अधिकारी चयन भएका छन् ।

खुल्ला युवा सदस्यमा उत्तम अधिकारीले विष्णु सिलवाललाई ३२ मतले हराउँदै सदस्यमा निर्वाचित भएका हुन् । खुल्ला सदस्य पदका लागि जम्मा १ सय ७२ जनाले मतदान गरेको थिए । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ बर्षको हुनेछ । निर्वाचन मण्डलका संयोजक बद्री प्रसाद लम्सालको संयोजनमा केही समयपछि सपथग्रहण कार्यक्रम हुनेछ।

कमिटीका नवनिर्वाचित अध्यक्ष घिमिरेको सभाध्यक्षमा तथा एमालेका पोलिटव्युरो सदस्य एवम् जिल्ला इन्चार्ज देवी ज्ञावलीको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो। कार्यक्रममा संघीय संसदमा नेकपा एमाले सांसदीय दलका प्रमुख सचेतक महेश बर्तौला, प्रदेश कमिटीका संयोजक बद्री लम्साल र नेकपा एमाले मकवानपुर जिल्ला कमिटीका अध्यक्ष श्रीधर पोखरेलको आतिथ्य रहेको थियो ।

## मार्कसिट हराएको सूचना

**बालाजु स्कुल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी** TSLC24 Month Auto Mobile Engineering CTEVT **बाट प्राप्त मार्कसिट अजय फुयाँलको** (**रजिष्ट्रेशन नम्बर** AU-00223-020, **सिम्बोल नम्बर** 26000001) **मिति २०८१ साल जेठ २५ गते बजारबाट चौघडा जाने क्रममा हराएको हुँदा कहिँकतै पाउँनु हुने महानुभावले तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । सम्पर्क: ९८४२३८२९६३**

# स्वास्थ्य बीमा दर्ता सहयोगीद्वारा ९ बुँदे माग

समाज संवाददाता

हेटौंडाः स्वास्थ्य बीमा बोर्डको दर्ता सहयोगीकर्ताहरुले प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालमार्फत प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड र स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी रविन भुसालमार्फत बागमती प्रदेशको स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाएका छन् ।

आइतबार बीमा सहयोगीकर्ता विष्णु प्रसाद तिमल्सिना नेतृत्वको टोलीले ९ बुँदे माग राख्दै बोर्डले सहयोगीकर्ताहरुलाई सामाजिक सुरक्षा बापत १ प्रतिशत कर कट्टा गरेर १० प्रतिशत पारिश्रमिक दिने गरेकोमा बोर्डले सामाजिक सुरक्षा कर वापत १५ प्रतिशत कर कट्टा गरेर पारिश्रमिक दिने गरेको भन्दै ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

बीमा बोर्डको सहयोगीकर्ताहरुले ७ बर्षदेखि पारिश्रमिकस्वरुप न्युनतम १० प्रतिशत रकम पाउने गरेको बताउँदै सहयोगीकर्ताहरुले बीमा गर्नका लागि सबैको घरघरमा पुग्नु पर्ने भएकोले पारिश्रमीक दरलाई बढाएर २० प्रतिशत पुऱ्याउन माग गरेका छन् । सामाजिक सुरक्षाको रकम बापत १ प्रतिशत मात्र कर कट्टा गरेर पहिला जस्तै १० प्रतिशतको दरले पारिश्रमिक दिनुपर्ने उनीहरुले माग गरेका छन्। दर्ता सहयोगीहरुको स्वास्थ्य बीमा निःशुल्क हुनुपर्ने, फोटो र रसिदका लागि सहयोगीकर्ताहरुलाई बोर्डले मोबाईल उपलब्ध गराउनुपर्ने, सहयोगीकर्ताहरुका लागि आवश्यक पोशाकको व्यवस्था गर्नुपर्ने, अनलाईनको नवीकरण गर्नका लागि प्रोत्साहन रकम प्रदान गर्नुपर्ने, समयमा प्रोत्साहन रकम भुक्तानी गर्नुपर्ने र समयमा पारिश्रमको रकम पाउनुपर्ने उनीहरुको माग छ । सहयोगीकर्ता विष्णु तिमल्सिनाले ३ हजार ५ सय रुपैयाँ बराबर एउटा परिवारको बीमा गरेवापत १० प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरेर ३ सय ४६ रुपैयाँको दरले पारिश्रमिक पाउने गरेकोमा अहिले १५ प्रतिशल कर कट्टा गरेर २ सय ९७ रुपैयाँको दरले पारिश्रमिक पाउने गरेको बताउनुहुँदै माग पूरा नभए आन्दोलन गर्न बाध्य हुने बताउनुभयो।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



Laya Shrestha



Pradip Adhikari

उत्कृष्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd